# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, फागुन ३ गते २०४४ साल (संख्या ४३

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ६ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी ज्यो. दिव्यपुरुष ढकालको नेपाल देशीय पञ्चाङ्ग र पं. नरनाथ शर्माको महालक्ष्मी सजिलो (भित्ते) पात्रो भारतमा छपाई गरी पैठारी हुँदा लाग्ने भन्सार महसुल तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

### सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ६ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी शिक्षा तथा संस्कृति मन्त्रालयले श्रव्य-दृश्यसम्बन्धी गोष्ठीको लागि प्रयोग गर्न जापानबाट सहयोगस्वरूप प्राप्त गरेको टोसिवा भिडियो डेक ए. २०० भी. एच. एस. २ (दुई) र भी. ए. १ (Betar) समेत थान ३ को पैठारीमा लाग्ने भन्सार महसुल तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।